# सैनामैना नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बुद्धनगर, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

२०७४

+९७७-७१-४४०११३

E-mail: sainamainamunicipality@gmail.com


प.सं. :

च. नं.:

मिति:- २०७५/८/१४

## म्याद थप गरिएको सूचना !!!

यस सैनामैना नगर क्षेत्र भित्रको पुर्व वनकट्टा देखि पश्चिम कोठी नदी सम्मको पूर्व पश्चिम लोकमार्गको दायाँ बायाँ सडक अधिकार क्षेत्रको ८२ फुट भित्र निमार्ण सामाग्री, कवाडी लगायतका मालसामान राख्ने, चौपाया बाँध्ने, फोहोरमैला फाल्ने, ठेला व्यवसाय गर्ने जस्ता कार्य गरेको पाइएको र सो कार्यले गर्दा सवारी आवागमन र नगरको सौन्दर्यतामा समेत ह्रास पुर्याएकोले लोकमार्ग क्षेत्रका सम्पुर्ण सरोकारवालाहरुले मिति २०७५/८/१४ गते भित्र अनिवार्य रुपमा हटाउनको लागि सुचना जारि गरिएकोमा स्थानीय व्यवसायी, सम्बद्ध संघ संस्था तथा सरोकारवालाहरुको अनुरोध, राजनीतिक दलहरुको सुझाव र नगर कार्यपालिकाको निर्णय अनुसार १० दिन म्याद थप गरि २०७५/८/२४ गते सम्म थप गरिएकोले आफ्नो टोल र शहरलाई सफासुग्घर राख्न सहयोग पुर्याउनु हुन सम्पूर्ण नगरवासीहरुका लागि पून: यो सूचना प्रकाशन गरिएको छ। उक्त मिति सम्म पनि उल्लेखित सामाग्री हटाउने कार्य नगरेमा तोकिएको क्षेत्रमा रहेका सामाग्रीहरु जफत गरि प्रचलित कानून बमोजिम कारवाही गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
बुद्धनगर, रुपन्देही ।